आज मिति २०८१/१०/२९ गते मंगलबारका दिन बिहान ८:३० बजे शान्तिनगर गाँउपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेतको अध्यक्षता एवं तपशिलका सदस्यहरुको उपस्थितिमा अध्यक्षको कार्यकक्षमा गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को १०th बैठक बसी देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| दस्तखत | सि.नं. | पद | पदाधिकारीको नाम, थर | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमाकुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल ओली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के. सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओमेन्द्रबहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री गम्भिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य (४ नं वडा) |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य (७ नं वडा) |
| | १६ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |

सहयोगी कर्मचारी

| दस्तखत | सि.नं. | पद | नाम, थर | |
|---|---|---|---|---|
| | १ | सचिवालय सहयोगी (प्रशासन अधिकृत) | श्री कृष्ण कुमार कँडेल | शान्तिनगर गाँउपालिका |
| | २ | का स | श्री शिवप्रसाद ओली | शान्तिनगर गाउँपालिका |

मिति २०८१।१०।२९ गते गाउँकार्यपालिकाको बैठकमा शान्तिनगर गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ९ (१) बमोजिम अध्यक्षबाट प्रस्तुत गरिएका प्रस्तावहरु:

**प्रस्तावहरु:**

१. तराई मधेश समृद्धि कार्यक्रमको योजना छनौट गर्ने सम्बन्धमा।
२. समपुरक र विशेष अनुदानको लागि योजना छनौट गर्ने सम्बन्धमा।
३. खुम बहादुर खड्का स्मृति कपको लागि रकम सहयोग सम्बन्धमा।
४. गाउँपालिकाको प्रतिक चिन्ह लोगो स्वीकृत गर्ने
५. स्थानीय तह संस्थागत क्षमता मुल्याङ्कन (LISA) को नतिजा अनुमोदन गर्ने सम्बन्धमा।
६. १७ औं गाउँभा बस्ने सम्बन्धमा।
७. न्यायिक समितिको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृत सम्बन्धमा।
८. १५ शैया अस्पताल ठेक्काको म्याद थप गर्ने सम्बन्धमा।
९. रगैंचा - चिलरिया - गैरातिलवारी सडक कालोपत्रे ठेक्काबाट बाँकी रकमको ठेक्का लगाउने सम्बन्धमा।
१०. नदी तथा घाटहरुमा मेशिन लगाउने अनुमति दिने सम्बन्धमा।
११. बहुलाखोला बिष्णुपुर घाटको आय ठेक्का रद्द गर्ने सम्बन्धमा।

**मिति २०८१/१०/२९ गते बसेको गाउँ कार्यपालिकाको दशौं बैठकका निर्णयहरु**

**निर्णय नं. १**

माथि छलफल गरी आगामी आ व २०८२/०८३ मा तराई मधेश समृद्धी कार्यक्रम अन्तर्गत यस शान्तिनगर गाउँपालिकामा कार्यन्वयनका लागि देहाय बमोजिमका योजनाहरु प्राथमिकीकरणका आधारमा छनौट गरि सिफारिस गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

क. खिलतपुर वगिया सडक कालोपत्रे योजना वडा नं १
ख. सिमचौतारी देखि आले चैतारी सडक कालोपत्रे योजना वडा नं ३
ग. कृषि सेवा केन्द्र भवन निर्माण योजना वडा नं ५,६ र ७
घ. अमुवा खानेपानी लिफ्टिङ योजना (स्किम नं ५) वडा नं २
ङ. गरिब विपन्नलाई आवासीय भवन निर्माण योजना

**निर्णय नं. २**

यस गाउँपालिकाको लागि संघीय समपुरक अनुदानबाट सञ्चालन हुने गरी **रगैंजा चिलहरिया गैरातिल्वारी सडक कालोपत्रे योजना** आर्थिक वर्ष २०८०।०८१ बाट लगातार तीन वर्षसम्म बहुवर्षिय योजनाको रुपमा छनौट गरी माग गरिएकोमा उक्त योजना लगातार २ आर्थिक वर्षसम्म बजेटको सुनिश्चितता भई अधिकाँश कार्य सम्पन्न हुने देखिएकोले बाँकी रहेको कामको लागि पालिकाको आफ्नै श्रोतबाट सम्पन्न गर्ने र उक्त योजनालाई क्रमागत योजनाबाट हटाई आगामी आ व २०८२/०८३ मा संघीय सरकारबाट प्रदान गरिने समपुरक तथा विशेष अनुदान र प्रदेश सरकारबाट प्रदान गरिने समपुरक तथा बिशेष अनुदानको लागि तपशिलको प्राथमिकता बमोजिम योजनाहरु छनौट गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**संघीय समपुरक अनुदान योजना**

क. वैसा- धनौरा सडक कालोपत्रे योजना वडा नं ७
ख. जुम्लेकुला सुन्दरटोल हुदै शान्तिपुर जाने सडक कालोपत्रे योजना वडा नं ४
ग. जुम्लेकुला देखि सुन्दरादेवी जाने सडक कालोपत्रे योजना वडा नं ४ र ३
घ. लङ्घेवा देखि ६ नं वडा कार्यालय जाने सडक कालोपत्रे योजना वडा नं ६
ङ. वस्तीखोला आधारभुत विद्यालय भवन निर्माण वडा नं ३

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद बहनोत
अध्यक्ष

CamScanner

**संघीय विशेष अनुदान योजना**

क. कोल्ड स्टोर निर्माण शान्तिनगर गाउँपालिका वडा नं ५

ख. चिराघाट देखि खड्कपुर जाने सडक कालोपत्रे योजना वडा नं ४

ग. विरेन्द्र मा वि खिलतपुर भवन निर्माण योजना वडा नं १

घ. अधेरी खोला लिफ्ट सिञ्चाई योजना वडा नं ६

ङ. ओखरेखोला नदी तटवन्धन योजना वडा नं ७

**प्रदेश समपुरक अनुदान योजना**

क. जुम्लेकुला खैरेनी सडक कालोपत्रे वडा नं ४ र ७

ख. वडा नं ५ ढोरेनीदेखि वडा नं २ विष्णुपुर जोड्ने सडक कालोपत्रे योजना

ग. शालिकराम चोकदेखि बुद्ध मा वि जोड्ने सडक कालोपत्रे वडा नं ४

घ. १ नं वडा कार्यालय जाने सडक कालोपत्रे योजना

ङ. अमुवा फिल्डदेखि खानेपानी ट्याङ्की जाने सडक कालोपत्रे वडा नं २

**प्रदेश विषेश अनुदान योजना**

क. फुसको छानो विस्थापन कार्यक्रम

ख. वि पि मा. वि.को खेलमैदानमा पर्खाल निर्माण योजना वडा नं ३

ग. दुबीचौर खानेपानी पाइप विस्तार योजना वडा नं ७

घ. वडा नं २ को कार्यालय हुदै चापिकोट जाने सडक कालोपत्रे योजना

ङ. कालापोखरा लिफ्ट खानेपानी योजना शान्तिनगर १

**निर्णय नं.-३**

खुमबहादुर खड्का समाज विकास समिति (खुमबहादुर खड्का स्मृति खेलकूद समिति) को च नं १२ मिति २०८१।०९।११ गतेको पत्रबाट उक्त समितिको आयोजनामा खुमबहादुर खड्का स्मृति चौथो खुला पुरुष भलिबल लुम्बिनी प्रदेशस्तरीय प्रतियोगिता २०८१ फागुन २० देखि हुने ~~भएको र उक्त कार्यक्रममा यस गाउँपालिकाका खेलाडीको पनि सहभागिता गराइने~~ भएकोले आर्थिक सहयोग गरिदिनु हुन भनि लेखी आएको हुँदा आ व २०८१।०८२ को बजेट मा विनियोजन भएको '*जिल्लास्तरीय विभिन्न खेलकुद प्रतियोगितामा सहभागी खर्च*' शिर्षकमा विनियोजन भएको रु २ लाख ५० हजार मध्येबाट रु. १ लाख उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४**

शान्तिनगर गाउँपालिकाको प्रतिक चिन्ह (Logo) निर्माण गरी पेश गर्न मिति २०८१।०९।१२ गते प्रथम पटक प्रकाशित सूचना मार्फत आह्वान गरिए अनुसार देहायका ५ जना निवेदकले लोगो डिजाईन गरी रितपूर्वक पेश गरेका प्रतिक चिंन्हहरु यस बैठकमा प्रस्तुत भयो। प्रस्तुत भएका डिजाईनहरु मध्ये छनौट समितिले खुला प्रतिस्पर्धात्मक विधिबाट छनौट गर्दा शान्तिनगर गाउँपालिका वडा नं ५ रगैजा दाङ निवासी विकास डाँगीले डिजाईन गरी पेश गरेको प्रतिक चिन्ह सबैभन्दा उत्कृष्ट भएकोले भनी छनौट समितिबाट सिफारिस भई आएको उक्त प्रतिक चिन्ह स्वीकृतिका लागि आगामी गाउँसभामा पेश गर्ने।

१. निरज लामिछाने, तुलसीपुर-९ बेलुवा, दाङ।

२. सन्तोष न्यौपाने, तुलसीपुर-९ दाङ।

३. धर्मराज के सी, शान्तिनगर-५ दाङ।

४. विकास डाँगी, शान्तिनगर-५ काँशीपुर, दाङ।

५. सुनिल बस्नेत, sunilbasnet608@gmail.com

शान्तिनगर गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद बस्नेत
अध्यक्ष

CamScanner

**निर्णय नं. ५**

शान्तिनगर गाउँपालिकाको **स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङकन कार्यविधी, २०७७** बमोजिम आ.व. २०८०।०८१ को संस्थागत क्षमता स्वःमुल्याङ्कनको प्रारम्भिक नतिजालाई जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषण समेत मिलाएर तयार भई प्रमुख प्रशासकीय अधिकृतबाट छलफलका लागि पेश गरिएको स्वःमुल्याङ्कनको देहाय बमोजिमको अन्तिम नतिजा मा छलफल गर्ने ।

**क. स्थानीय तह संस्थागत क्षमाता स्वमुल्याङकन तर्फः**

| सि न | स्वमुल्यांकनका क्षेत्रहरु | पुर्णांक | प्राप्तांक |
|---|---|---|---|
| 1 | शासकीय प्रबन्ध | 9 | 7.25 |
| 2 | संगठन तथा प्रशासन | 8 | 6 |
| 3 | बार्षिक बजेट तथा योजना ब्यवस्थापन | 11 | 7 |
| 4 | वित्तिय एंव आर्थिक ब्यवस्थापन | 11 | 8.25 |
| 5 | सार्वजनिक सेवा प्रवाह | 16 | 12.25 |
| 6 | न्यायिक कार्य सम्पादन | 7 | 6 |
| 7 | भौतिक पुर्वाधार | 13 | 3.5 |
| 8 | सामाजिक समावेशिकरण | 10 | 8.5 |
| 9 | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | 9 | 3.5 |
| 10 | सहकार्य र समन्वय | 6 | 2 |
| | जम्मा | 100 | 64.25 |

**निर्णय नं. ६**

प्रस्ताव नं ३ माथि छलफल गरी आगामी गाउँसभाको बैठक मिति २०८१ साल फाल्गुण ६ गते मंगलबार दिनको ११ बजे वडा नं ५ को रगैजामा आयोजना गर्ने ।

**निर्णय नं. ७**

न्यायिक समितिको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिकाको आ. व. २०७७।०७८ मा १५ शैया अस्पताल निर्माणको लागि (34/SRM/077-078) ठेकेदार कम्पनी गाल्वा/ खड्का/ वली जे. भी. संग मिति २०७८।०२।१४ गते सम्झौता भई मिति २०८०।०६।१३ गतेसम्म सम्पन्न गर्ने गरी कार्यादेश दिईएकोमा निर्माण कम्पानीले निर्माण सामग्रीको अभाव र वर्षातको कारणले निर्धारित समयमा कार्य सम्पन्न गर्न नसकेको भनी म्याद थपको निवेदन दिएको सन्दर्भमा विभिन्न मितिको कार्यपालिका बैठकको निर्णयानुसार २०८१ मंसिर मसान्तसम्मको लागि म्याद थप गरिए तापनि उक्त निर्माण कार्यमा प्रयोग हुने मेसिनरी सामग्री अन्य देशबाट खरिद गर्नु पर्ने र उक्त मेसिनरी सामग्री जडान गर्न दक्ष कामदारको अभावको कारण देखाउदै सम्पन्न हुन नसकेको भनी ठेकेदार कम्पनीले मिति २०८१।०७।२९ गते पुनः म्याद थप गर्न कार्यालयमा निवेदन दिएकोमा उक्त निवेदनमा उल्लेखित विषय उपयुक्त देखिएकोले सार्वजनिक खरिद नियमावलीको नियम १२० बमोजिम पालिकालाई थप आर्थिक दायित्व नपर्ने र निर्माण व्यवसायीले म्याद थपका कारण कुनै पनि थप आर्थिक सेवा सुविधा दावी गर्न नपाउने गरी म्याद सकिएको मितिदेखि लागू हुने गरी ६ महिनाका (२०८२ जेष्ठ मसान्तसम्म) लागि म्याद थप गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद बस्नेत
अध्यक्ष

**निर्णय नं. ९**

चालु आ व २०८१।०८२ मा संघीय समपुरक अनुदान तर्फ स्वीकृत "रगैचा – चिलरिया - गैरातिलवारी सडक कालोपत्रे योजना" सम्पन्न गर्नका लागि JGNS-LEC-RB J.V कम्पनीसंग मिति २०८१।१०।१३ मा रु १ करोड ८६ लाख ५४ हजार १ सय ७ रुपैया ३७ पैसा मा सम्झौता भई कार्यादेश दिई काम निर्माणको चरणमा रहेको हुँदा विनियोजन भएको रकम (२,७०,००,०००।) बाट सम्झौता भई बाँकी रहेको रकम ८३,४५,८९२। को ५० प्रतिशत रकम रु.४१,७२०००। शान्तिनगर गाउँपालिकाको नेपाल सरकारको समानिकरण अनुदान स्रोतबाट खर्च हुने गरी रगैचा – चिलरिया - गैरातिलवारी सडक कालोपत्रे पार्ट-2 योजना बनाई सो को प्राविधिक लागत अनुमान तयार गरी ठेक्का लगाउने प्रक्रिया अघि बढाउने ।

**निर्णय नं १०**

चालु आ व २०८१।०८२ मा यस गाउँपालिकाबाट नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का लगाईएका नदी तथा घाटबाट नदी जन्य पदार्थ उत्खनन संकलन तथा विक्री वितरण गर्ने सन्दर्भमा संघ प्रदेश र स्थानीय तहबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कुनै आयोजनाका निर्माण व्यवसायी तथा उपभोक्ता समितिले नदीजन्य पदार्थ माग गरी यस कार्यालयमा निवेदन दिएमा योजनाको BOQ मा उल्लेखित परिमाण श्रममुलक प्रविधि प्रयोग गरी उत्खनन गर्दा लागत र समय वृद्धि हुने हुँदा ठेक्का स्वीकृत नदी तथा घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन गर्दा IEE प्रतिवेदनका शर्तहरुको अधिनमा रही हेभी मेसिनरी उपकरण प्रयोग गर्न कार्यालयबाट अनुमति प्रदान गर्न स्वीकृति दिने ।

**निर्णय नं ११**

चा लु आ व २०८१।०८२ का लागि नदीजन्य पदार्थ उत्खनन संकलन तथा विक्री वितरण गर्ने कार्याका लागि यस कार्यालयबाट मिति २०८१।०८।२८ मा बोलपत्र आह्वान गरिएकोमा बहुलाखोलाको विष्णुपुर घाट ठेक्का नं आय ३/ SRM/०८१/०८२ को लागि विद्युतीय माध्यबाट पेश हुन आएका श्रीधर निर्माण सेवा शान्तिनगर २ दाङ, ओशिष कन्स्ट्रक्शन घोराही १४ दाङ र नन्द एण्ड गणेश निर्माण सेवा शान्तिनगर २ दाङ ले पेश गरेका दरभाउपत्रमा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी जम्मा गर्नु पर्नेमा सूचनाको शर्त बमोजिम नभएकोले पेश हुन आएका तीन वटै दरभाउपत्र सारभूत रुपमा ग्राह्य नदेखिएकोले उक्त घाटको ठेक्का (ठेक्का नं आय ३/ SRM/०८१/०८२) रद्द गर्ने ।

**निर्णय नं.-१२**

यस गाउँपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेत Royal Borough of Greenwich Metropolitan Municipality संयुक्त अधिराज्य बेलायतको निमन्त्रणामा २०८१।१२। १७ गतेदेखि अन्तरदेशीय अनुगमन भ्रमणमा भाग लिन जानको लागि प्रवेशाज्ञा र Conformation Latter समेत प्राप्त भएकोले उक्त भ्रमण स्वीकृत गरी अन्य प्रक्रियाका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

CamScanner